# राप्ती गाउँपालिकाका अध्यक्ष श्री प्रकाश बिष्टज्यूबाट गाउँसभामा पेश गर्नु भएको

# आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम

## राप्ती गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**मसुरिया देउखुरी दाङ लुम्बिनी प्रदेश नेपाल**

लुम्बिनी प्रदेश सभाका माननीय सभामुखज्यू,गाउँसभा सदस्यज्यूहरु,

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन स्थापनापछिको ऐतिहासिक दोश्रो गाउँसभाको सातौ अधिवेशनको विधिवत् रुपमा सुरुवात भएको छ । राप्ती गाउँपालिकाको गरिमामय यस सभामा उपस्थित सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्न चाहन्छु ।
स्थानीय नागरिकको विकासको चाहना, अघिल्लो आर्थिक बर्षका अधुरा कार्यक्रमहरु, विज्ञ तथा सरोकारवालाहरुले दिएको सुझाव, निर्वाचित जनप्रतिनिधिहरुद्वारा मुखरित जनभावनाहरुलाई आत्मसात गर्दै समग्र गाउँपालिकाको नीतिगत मार्ग निर्देशन गर्ने यस गाउँसभामा आ.व. ०८२/ ०८३ का लागि प्रस्तावित नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु ।
यस महत्वपूर्ण अवसरमा नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, संघीय लोकतान्त्रिक गणतन्त्र बाहली, राज्यको आमूल परिवर्तनका लागि २००७ सालको प्रजातान्त्रिक आन्दोलन, २०४६ सालको जनआन्दोलन, युगान्तकारी महान जनयुद्ध, जनयुद्धको जगमा भएको २०६२/०६३ को जनआन्दोलन तथा अन्य विभिन्न लोकतान्त्रिक संघर्षको क्रममा गौरवपूर्ण सहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति उच्च सम्मान सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै सम्पूर्ण घाइते, वेपत्ता तथा सहिद परिवारहरुप्रति उच्च सम्मान प्रकट गर्दछु । मुलूकको राजनैतिक तथा सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरुप्रति आदारभाव तथा स्मरण गर्दछु ।
नेपाली राजनीतिको विभिन्न कालखण्डका गौरवपूर्ण संघर्षवाट प्राप्त उपलब्धिको रक्षा, वर्तमान संघीय लोकतान्त्रिक गणतन्त्र र समाजवाद उन्मुख समावेशी लोकतन्त्रको विकास गर्न र अन्ततः नेपालको संविधानले निर्दिष्ट गरे अनुरुपको समाजवाद स्थापना गर्ने दिशामा अघि बढ्ने आधार तयार पार्न राप्ती गाउँपालिकाले **"समृद्ध राप्ती सुखी र खुशी राप्तीवासी "** भन्ने मूल नारा अनुरुप आफ्ना सम्पूर्ण नीति तथा कार्यक्रमहरु अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु ।
स्थानीय सरकारलाई लोकतन्त्रको रक्षा गर्ने एक दरिलो खम्बाको रुपमा लिंदै सामाजिक न्यायसहितको समृद्ध र समतामूलक राप्ती गाउँपालिका निर्माण गर्न हाम्रो सम्पूर्ण स्रोत साधन तथा जनशक्ति यस पालिकाको समग्र सामाजिक, आर्थिक एवं साँस्कृतिक रुपान्तरणका पक्षमा खर्च गर्दै पूर्णरुपमा जनताको दैनिक जीवनमा परिवर्तन गर्ने संकल्पसहित सोहि अनुरुपको नीति, योजना, कार्यक्रम र बजेट तयार गर्ने तथा त्यसको कार्यान्वयन गर्ने व्यवस्था मिलाउने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु ।

गाउँसभा सदस्य ज्यूहरु,
संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पछिको मिति २०७९ वैशाख ३१ गते सम्पन्न दोस्रो स्थानीय तह निर्वाचनबाट निर्वाचित गाउँपालिका अध्यक्षको हैसियतले चौथो पटक यो नीति तथा कार्यक्रम पेस गरिरहेको छु । यतिबेला नेपाली जनताले लामो समयसम्म गरेको बलिदानीपूर्ण संघर्षबाट प्राप्त उपलब्धिहरुको रक्षा र थप विकास गर्दै समाजवादको आधार तयार पार्नुपर्ने अवस्था छ भने अर्कोतर्फ प्राप्त उपलब्धीहरुसमेत गुम्न सक्ने चुनौतिहरु पनि हाम्रो सामु खडा भएको छ । विश्व परिवेशमा शक्ति राष्ट्रहरुबीच बढ्दै गएको शक्ति संघर्ष र आन्तरिक रुपमा राजनैतिक व्यवस्था प्रति बढ्दै गएको जनताको वितृष्णाले राष्ट्रिय राजनीति नयाँ मोड तर्फ अगाडि बढिरहेको छ । यस बिषम परिस्थितिमा लोकतन्त्र स्थापनाका लागि संघर्ष गरेका राजनीतिक दलहरुबीच दरिलो एकताको आवश्यकता महशुस हुँदै गएको छ । त्यसका लागि गाउँ पालिकाभित्र क्रियाशिल लोकतान्त्रिक आन्दोलनका सहयात्री राजनीतिक दलहरुलाई संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र विकासका लागि सहकार्य गर्न म हार्दिक अपिल गर्दछु ।

गाउँसभाका सदस्य ज्यूहरु,

विविध कारणले विश्वव्यापी रुपमा आर्थिक गतिविधिहरुमा मन्दी आएको तितो वास्तविकता हामी समक्ष विद्यमान छ। यसको प्रत्यक्ष एवम् परोक्ष प्रभाव हामीमा पनि परेकै छ। यसको प्रभाव स्वरुप संघ र प्रदेशबाट हामीलाई प्राप्त हुँदै आएको समानीकरण अनुदान, राजश्व बाँडफाँड, शसर्त अनुदान लगाएतका बजेटमा भारी मात्रामा कटौती भएको छ। यसका साथै गाउँपालिकाको आन्तरिक स्रोतमा समेत अपेक्षाकृत वृद्धि हुन सकेको छैन। यति हुँदा हुँदैपनि हामी समक्ष विद्यमान स्रोत र साधनहरुको उच्चतम प्रयोग गरी सम्वृद्ध पालिका निर्माणको अभियानमा निरन्तर अगाडि बढ्न हामी दृढ संकल्पित छौ। कृषिमा आधारित ग्रामीण अर्थतन्त्रको विकास गरी स्वरोजगारको माध्यमद्वारा सम्वृद्ध राप्ती निर्माण गर्ने यस योजनामा सरोकारवाला सबै पक्षको सकारात्मक सहयोगको अपेक्षा समेत गरेको छु।

निर्वाचन हुँदाका बखत हामी निर्वार्चित जनप्रतिनिधिहरुले राप्ती गाउँपालिकाको समग्र विकासका लागि राप्तीवासीहरुसँग गरेका प्रतिबद्धताहरुलाई व्यवहारिक कार्यान्वयन गर्न हामीसँग उपलब्ध श्रोत साधन र जनशक्ति व्यवस्थापनका अफ्ठयाराहरुलाई चिर्दै जनतासामु गरेका बाचालाई पूरा गर्न प्रतिबद्ध रहेको कुरा मनन गर्दै जनमुखी कार्यक्रम तथा योजनाहरु अगाडि बढाउने सवालमा सम्पूर्ण राप्तीवासीहरुको पनि उत्तिकै साथ सहयोग हुनेमा विश्वस्त छु। हामीहरु योजनावद्ध र प्राथमिकताका आधारमा विकास निर्माणका कामहरु हुनुपर्छ भन्ने कुरामा दृढ छौं। हामी जनताका निर्वाचित प्रतिनिधिहरु मालिक होइन", जनताको असल सेवक हौभन्ने मान्यतालाई शिरोधार्य गरी कार्य गर्नेछौ र त्यसवाट कहिल्यै बिचलित हुने " छैनौं।

गाउँसभाका सदस्यज्यूहरु,

विकासका समसामायिक मुद्दाहरु दीगो विकास लक्ष्य, जलवायू परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी विकास,बालमैत्री स्थानीय शासन, वातावरणमैत्री स्थानीय शासन, पूर्ण सरसफाई लगायतका अन्य संबन्धित विषयहरु निर्वाचनका क्रममा गरिएका प्रतिबद्धता पत्रहरु विगतका बर्षहरुमा राप्ती गाउँपालिकाले तयार पारेका नीति कार्यक्रम तथा योजनाहरु, स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति, वजेट तथा कार्यक्रम तर्जुमा समिति, राजश्व परामर्श समिति, विषयगत समिति लगायत समितिबाट प्राप्त प्रतिवेदन तथा सुझाव, वडा,टोल सुधार संस्था, विभिन्न राजनीतिक दल, विज्ञ भेला, संघसस्था, गाउँपालिकावासी सम्पूर्ण आमा, बुवा, दाजुभाई तथा दिदि बहिनीहरुका सल्लाह सुझाव समेट्ने प्रयत्न गरिएको छ।

गाउँसभा सदस्यज्यूहरु,

राप्ती गाउँपालिकाको नीति तथा कार्यक्रम तर्जुमाका मुख्य उद्देश्यहरु निम्नानुसार रहेका छन् :

- जनताको मौलिक हकको रुपमा रहेका न्युनतम् आधारभूत आवश्यकता परिपूर्ति गर्नु।
- नागरिकमैत्री सेवा प्रवाह र विकास व्यवस्थापनका कार्य सञ्चालन गर्नु।
- नागरिकलाई आत्मनिर्भरता तिर उन्मुख गराउन रोजगारीको नयाँ स्रोत खोजी गर्नु।
- राप्तीवासीको क्षमताको उच्चतम सदुपयोग गरी समृद्ध पालिका बनाउनु।

गाउँसभाका सदस्यज्यूहरु,

अब म राप्ती गाउँपालिकाको आ.व. ०८२/०८३ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका आधारहरु निम्न बमोजिम प्रस्तुत गर्दछु :

नेपालको संविधानको प्रस्तावना, मौलिक हक, एकल तथा साझा अधिकारका सूची, संघीय सरकार तथा प्रदेश सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु, संघ, प्रदेश सरकारले अबलम्वन गरेका आर्थिक तथा वित्त नीति, राप्ती गाउँपालिका आवधिक विकास योजनाले तय गरेका प्राथमिकता, नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धता, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य स्थानीय तहसँग सम्बन्धित कानून यसका मुख्य आधार रहेकाछन्।

गाउँसभाका सदस्यज्यूहरु,

अब म राप्ती गाउँपालिकाको आ.व. ०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

**सामाजिक विकास क्षेत्र**

**शिक्षा, युवा तथा खेलकुद क्षेत्रको नीति**

- सामुदायिक विद्यालयहरुमा प्रारम्भिक बाल विकास शिक्षादेखि दश कक्षासम्म निःशुल्क शिक्षाका लागि भर्ना शुल्क, मासिक पढाई शुल्क तथा पाठ्यपुस्तक शुल्क नलिने कार्यलाई निरन्तरता दिइनेछ। निःशुल्क शिक्षाका लागि विद्यालयलाई अनुदान प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- विद्यालय शिक्षामा गुणस्तर, पहुँच, समता, प्रविधिसहितको सीपयुक्त शिक्षा प्रदान गर्ने नीतिलाई निरन्तरता दिइनेछ।
- सामुदायिक विद्यालयमा शिक्षकको अभाव हुन नदिन तथा रिक्त स्थानहरुमा समयमै शिक्षकको व्यवस्थापन गर्न शिक्षक बैंकको अवधारणा कार्यान्वयन गरिनेछ।
- सामुदायिक विद्यालयहरुको चल अचल सम्पतीको अभिलेख व्यवस्थापन, संरक्षण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।
- सामुदायिक विद्यालयमा निःशुल्क पाठ्यपुस्तक,छात्रवृत्ति, छात्राहरुका लागि सेनिटरीप्याड, तोकिएको कक्षाका सामुदायिक विद्यालयमा दिवाखाजा कार्यक्रम व्यवस्थित रुपमा सञ्चालन गरिनेछ।
- संघ तथा प्रदेश सरकारको सहकार्य र साझेदारीमा विद्यालयमा भौतिक पूर्वाधार विकास गर्दा बालमैत्री, अपाङ्गतामैत्री, सूचना प्रविधिमैत्री तथा भूकम्प प्रतिरोधी बनाउने कार्यलाई निरन्तरता दिइनेछ।
- सामुदायिक विद्यालयहरुमा सम्बन्धित तहको प्रधानाध्यापकको व्यवस्थासहित स्पष्ट सूचकका आधारमा गाउँपालिकाले प्रधानाध्यापकसँग र प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिले शिक्षकसँग कार्य सम्पादन करार गरी विद्यालय शिक्षाको नतिजा तथा गुणस्तरमा सुधार गरिनेछ।
- सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई शिक्षासँग सम्बन्धित तथा प्रचलित कानूनले निर्धारण गरेका विषय बाहेकका अन्य संघसंस्था, समितिमा आवद्ध हुने कार्यलाई रोक्ने नीतिलाई निरन्तरता दिइनेछ।
- शिक्षक तथा कर्मचारीहरुको पेशागत दक्षता अभिवृद्धिका लागि क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

- संघ, प्रदेश, गाउँपालिका, वडा तहबाट विद्यालयहरुको सुपरिवेक्षण, अनुगमन, मूल्याङ्कनसँग सम्बन्धित क्रियाकलाप सञ्चालन गरी शैक्षिक सुशासनको प्रत्याभूति प्रदान गरिनेछ।
- विद्यार्थी,युवा तथा खेलाडीहरुको लागि सहयोग, सम्मान, परामर्शका कार्यक्रम सञ्चालन गरिनेछ। स्काउट, रेडक्रस, NCC कार्यक्रमलाई निरन्तरता दिइनेछ। तोकिएको तहका कक्षाका विद्यार्थीहरुको सहभागीतामा वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ।
- अति विपन्न,विपन्न दलित, अभिभावक गुमाएका, द्वन्द पीडित,घाइते अपाङ्गता भएका, वेपत्ता परिवार,मुक्त कमैयाका बालबालिका,मुक्त कमलरी, सहिद परिवारका बालबालिका,पारिवारिक विचलनमा परेका बालबालिकाहरुलाई पोशाक तथा स्टेशनरी उपलब्ध गराउने कार्यका लागि उपाध्यक्ष शैक्षिक सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।
- आधारभुत तह तथा माध्यमिक तहको परीक्षालाई व्यवस्थित रुपमा सञ्चालन तथा व्यवस्थापन गरिनेछ। तोकिएको नतिजाका आधारमा शिक्षक सम्मान र प्रोत्साहन गरिनेछ।
- सामुदायिक विद्यालयलाई थप स्रोत साधनयुक्त बनाई व्यवस्थित रुपमा सञ्चालनका लागि गाउँसभाबाट उच्च स्तरिय समिति बनाई अध्ययन गरिनेछ।
- अभिभावक साझेदारी कार्यक्रममार्फत सामुदायिक विद्यालयको कक्षा ६ देखि १२ सम्म दिवाखाजा, संगीत, खेल,यातायात, सिकाइ आपुरणसँग सम्बन्धित क्रियाकलाप सञ्चालन गरिनेछ।
- अभिभावक शिक्षा कार्यक्रमको माध्यमबाट अभिभावकको बालबालिका र विद्यालयप्रति जिम्मेवारी र जवाफदेहिता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।
- शैक्षिक सामग्रीसहितको बृहत शैक्षिक प्रदर्शनी मेलाको आयोजना गरी कक्षाकोठामा शैक्षिक सामग्रीको प्रयोगमा जोड दिइनेछ। सिकाइका लागि विषय क्षेत्रगत प्रयोगशाला प्रयोग कार्यक्रम सञ्चालन गरिनेछ।
- संस्थागत विद्यालयहरुको पालिकाबाट नियमन र अनुगमन गरी संस्थागत विद्यालयबाट लिने शुल्क तथा संस्थागत विद्यालयबाट प्रदान गरिने छात्रवृत्तिलाई व्यवस्थित गरिनेछ।
- विद्यार्थी संवर्धन र प्रेरणा कार्यक्रम अन्तरगत ख्याती प्राप्त व्यक्तित्व विषय विशेषज्ञ साहित्यकार वैज्ञानिक जनप्रतिनिधी उद्यमी राष्ट्रसेव कर्मचारी लगायतका व्यक्तित्वद्धारा विद्यालयमा "One Day Classroom" सञ्चालन गरी विद्यार्थीहरुलाईत्र जीवनपयोगी ज्ञान, सीप र जीवनमूल्य शिक्षा, नेतृत्व विकास र समाजप्रतिको जिम्मेवारी बोध गराइनेछ।
- **"मोवाइल होइन अनुभवसँग साक्षात्कार"** अन्तरगत सूचना प्रविधिको अत्याधिक प्रयोगबाट बालबालिकामा देखिएको मोबाइलको लत न्यूनिकरण गर्ने उद्देश्यले स्थानीय पाठ्यक्रममा आधारित प्रयोगात्मक सिकाइ कार्यक्रम सञ्चालन गरिनेछ। यस अन्तरगत विद्यार्थीलाई जेष्ठ नागरिकसँग अन्तरक्रिया गराइने साथै स्वास्थ्य संस्थामा विरामीहरुसँग भेटघाट गरी सामाजिक संवेदना र सेवाभाव विकास गर्न पुस्तान्तरणको प्रवर्धन गर्ने नीति अवलम्बन गरिनेछ।
- उच्च शिक्षा तर्फ प्राविधिक धारको शिक्षा सञ्चालन गर्न विश्वविद्यालयहरुसँग पहल गरिनेछ।
- गाउँपालिकास्तरिय खेलकुद प्रतियोगिता,राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता, वडास्तरिय खेलकुद, विद्यालयस्तरिय खेलकुद प्रतियोगितालाई थप व्यवस्थित गर्दै स्वस्थ र प्रतिस्पर्धी नागरिक निर्माण कार्यक्रम

सञ्चालन गरिनेछ । खेल क्षेत्रको विकास, प्रवर्धन र सहयोगको कार्यक्रमलाई निरन्तरता दिइनेछ । खेल क्षेत्रको विकासको लागि पालिकास्तरको खेलमैदानको विकास गरिनेछ ।

- राप्ती गाउँपालिकाको युवा नीति निर्माण गरिनेछ ।
- युवाहरुको परिचालनमार्फत समाज रुपान्तरण गर्ने युवा लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**स्वास्थ्य सम्बन्धी नीति**

- आधारभूत स्वास्थ्य सेवामा उपचारात्मक, प्रवर्धनात्मक, प्रतिकारात्मक, पुनस्थापनात्मक तथा प्रशामक स्याहार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- जेष्ठ नागरिकलाई घर घरमा निःशुल्क स्वास्थ्य परीक्षणको व्यवस्थालाई थप व्यवस्थित गरी सञ्चालन गरिनेछ।
- ८० वर्ष माथिका जेष्ठ नागरिक तथा बेसाहारा,अपाङ्गता भएका क र ख वर्गका व्यक्तिहरु, गर्भवती तथा प्रसुतिसेवाका लागि गाउँपालिका क्षेत्रभित्रका स्वास्थ्य संस्थासम्म पुग्न निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- संस्थागत प्रसुती, सरुवा रोग नियन्त्रण, नसर्ने रोगको रोकथाम सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- परिवार नियोजन, पोषण, खोप, मानसिक स्वास्थ्य परामर्शकासाथै जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा विद्यालयका बालबालिकाहरुको स्वास्थ्य जाँच तथा उपचारका लागि स्वास्थ्य शिविर सञ्चालन कार्यक्रमलाई निरन्तरता दिई सरकारी,गैरसरकारी तथा निजी संस्थासँग समन्वयमा थप प्रभावकारी बनाइनेछ ।
- आयुर्वेद, योग, प्राकृतिक, वैकल्पिक चिकित्सा सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- स्वास्थ्यकर्मी,महिला स्वास्थ्य स्वयंसेविका, आमा समूहको परिचालन प्रभावकारी गराउन प्रोत्साहनको कार्यक्रम सञ्चालन गरिनेछ ।
- निजी स्वास्थ्य संस्था र क्लिनिकहरुको दर्ता तथा नवीकरणलाई व्यवस्थित गर्न नियमित अनुगमन गरिनेछ ।
- प्रतिजैविक प्रतिरोध न्यूनीकरण कार्यक्रम सञ्चालन गरिनेछ । मदिरा तथा सुर्तिजन्य पदार्थको उत्पादन, सेवन, विक्रि, वितरण कार्यलाई कार्यविधि बनाई नियमन गरिनेछ । नागरिक बचाउन अक्सिजन अभियानलाई निरन्तरता दिइनेछ ।
- लागु पदार्थ सेवन गरी कुलतमा परेकाको पहिचानका लागि परीक्षण कार्य सञ्चालन गरिनेछ ।
- स्वास्थ्य सेवाको माग पक्षलाई थप सबल बनाउन सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाको भूमिका बढाउनुको साथै सचेतनामूलक गतिविधि सञ्चालन गरिनेछ ।
- आमा समूह र सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाको प्रोत्साहनका लागि खाजा खर्च सुविधालाई निरन्तरता र सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकालाई कल्याणकारी कोषमा आबद्ध गरी अवकाशको क्रममा "सेवा सकिए पनि सम्झना कहिल्यै नसकिने" गरी नगद प्रोत्साहन प्रदान गरिनेछ ।
- गरीब बिरामीसँग अध्यक्ष कार्यक्रम सञ्चालनमा ल्याइनेछ । गाउँपालिकावासीको स्वास्थ्यलाई मध्यनजर गर्दै गाउँपालिकाभित्र स्वास्थ्य सेवा विस्तार गर्न विशेषज्ञ स्वास्थ्य सेवासहितको स्याटलाइट क्लिनिक सञ्चालन

गरिनेछ। निरोग गाउँ बनाउने अभियान सञ्चालन गरिनेछ। सम्पूर्ण गाउँपालिकावासीलाई स्वास्थ्य बिमामा समेटिने नीति अबलम्बन गरिनेछ।

- गाउँपालिकाभित्रका बालबालिकाको पोषणस्थिती सुदृढ गर्न पोषण प्रवर्धनको लागि स्वस्थ बच्चा प्रतिस्पर्धा कार्यक्रम सञ्चालन गरिनेछ। मातृशिशु मृत्युदरको न्यूनिकरणका लागि मातृशिशुको स्वास्थ्य सुधारका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- सरुवा रोग र महामारी नियन्त्रणका लागि खोप व्यवस्थापन र सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। मनोसामाजिक परामर्श सेवालाई थप प्रभावकारी बनाइनेछ।
- ५ बर्ष मुनिका बालबालिका, ७० बर्ष माथिका जेष्ठ नागरिक तथा सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकालाई आधारभूत अस्पतालबाट उपलब्ध हुने प्रयोगशाला तथा एक्सरे सेवामा सहुलियत प्रदान गरिनेछ।
- उपाध्यक्ष कोसेली कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- गर्भवती महिलाको लागि निःशुल्क रुपमा ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- "समयमै जाँच गरौ, पाठेघरको मुखको क्यान्सर टारौं" भन्ने उद्देश्यकासाथ गाउँपालिकाभित्र रहेका महिलाहरुमा बढ्दो पाठेघरको मुखको क्यान्सरलाई समय मै पत्ता लगाई न्यूनिकरण गर्नका लागि पाठेघरको जाँच गर्ने कार्यलाई अभियानकै रुपमा सञ्चालन गरिनेछ।
- नेपाल सरकारबाट निशुल्क वितरण गर्ने औषधि हरेक स्वास्थ्य संस्थाबाट सहज रुपमा उपलब्ध हुने व्यवस्था गरिनेछ।
- स्वस्थ समाज निर्माणका लागि परम्परागत ज्ञान र प्रकृतिमैत्री उपचार पद्धतीलाई संस्थागत गर्दै प्राकृतिक चिकित्सालाई प्रवर्धन गरिनेछ। शिक्षण संस्थाहरुमा नियमित रुपमा योग ध्यानको अभ्यास गराउँदै आम जनताको बीचमा पनि योग ध्यान शिविरहरु सञ्चालन गरिनेछ।
- आयुर्वेद, योग, प्रणायम, जडिवुटि तथा खानपान संस्कृतिमा आधारित उपचार विधीलाई जनजीवनसँग जोड्ने र वैज्ञानिक अध्ययनका आधारमा समुदायमुखी स्वास्थ्य सेवा विकास गर्ने नीति अवलम्बन गरिनेछ।
- ८४ वर्ष वा सोभन्दा माथिका राप्ती गाउँपालिकाबासी नागरिकको गाउँपालिकाभित्रका सरकारी स्वास्थ्य संस्थामा औषधी बाहेकको उपचार सेवा निःशुल्क रुपमा उपलब्ध गराइनेछ।
- जनयुद्ध, जनआन्दोल, थरुहट आन्दोलनको क्रममा सहिद, बेपत्ता, परिवारका लागि स्वास्थ्य विमा कार्यक्रम सञ्चालन गरिनेछ।

**महिला,बालबालिका ,ज्येष्ठ नागरिक,अपाङ्गता भएका व्यक्ति ,लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति**

- लैङ्गिक समानता, समता, सामाजिक समावेशीकरण, समानुपातिक प्रतिनिधित्व, महिला,अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकहरुको लागि सहयोग र सशक्तिकरण सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ।

- कुप्रथा, बाल विवाह, बालश्रम, दुर्व्यवहार, लागु पदार्थ दुर्व्यसनी, दाइजो प्रथा, घरेलुहिंसा, लैङ्गिक हिंसा,जातीय विभेद तथा यौनिक अल्प सङ्ख्यक विभेदको न्यूनिकरणका कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- परिवार विहिन, बेसहारा तथा जेष्ठ नागरिकलाई संरक्षणको नीति अवलम्बन गरिनेछ।
- बालमैत्री गाउँपालिका घोषणाका लागि सम्भाव्यता र प्राथमिकताका आधारमा बालमैत्री वडा घोषणा कार्यक्रम अगाडी बढाइनेछ।
- सहयोगापेक्षी सडक मानवमुक्त गाउँपालिका कार्यलाई निरन्तरता दिइनेछ।
- आदिवासी जनजाती, दलित, उत्पीडित समुदाय, अपाङ्गता भएका, एकल महिला, लैगिक विभेद र हिंसामा परेकाहरुको समस्या समाधान गर्न एवं सामाजिक सद्भाव र न्यायपूर्ण समाजको निर्माण गर्न पहल गरिनेछ।
- "काम लिई दाम दिने " भन्ने अभिप्रायकासाथ जेष्ठ नागरिक एकल महिला, एकल पुरुष, अपाङ्गता भएका व्यक्तिहरुको सीप तथा क्षमताको उपयोग गरी विभिन्न घरेलु सामग्री बनाउन प्रोत्साहन गर्ने।
- अल्प संख्यक र सीमान्तकृत वर्गको लागि कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।
- दलित समुदायका नागरिकलाई रोजगारी, आयआर्जन तथा जीविकोपार्जनको लागि परम्परागत सीप र ज्ञानलाई उद्यमशिलतामा रुपान्तरण गरिने नीति लिइनेछ।
- महिला लक्षित कार्यक्रमलाई निरन्तरता दिइनेछ। लैङ्गिक हिंसा निवारण कोष स्थापना गरिनेछ।

**खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी नीति**

- खानेपानी तथा सरसफाईको सुनिश्चितता गर्न प्रवर्धनात्मक, संरचनात्मक र उपचारात्मक पद्धतिको अवलम्बन गरी सञ्चालन भएका कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- सरसफाई केन्द्रलाई आधुनिक प्रविधियुक्त बनाई शून्य फोहोरको अवधारणामा सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ। सरसफाई रनिङशिल्ड कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- सबै घरधुरीले उपयोग गर्ने खानेपानीको स्वच्छता परीक्षण गरी स्वच्छता अभिवृद्धिका उपाय अवलम्बन गरिनेछ।
- सबै पालिकावासीहरुलाई आधारभूत खानेपानी पूर्वाधारमा पहुँच सुनिश्चिता गर्न एक घर एक धारा नीति लिई खानेपानीको सेवा बिस्तार गरिनेछ । गाउँपालिका क्षेत्र तथा आसपासका अन्य क्षेत्रमा उपलब्ध खानेपानी तथा जलाधार क्षेत्रहरुको संरक्षण कार्यलाई विशेष ध्यान दिइनेछ।
- सञ्चालनमा आउन नसकेका खानेपानीलाई तत्काल सञ्चालनमा ल्याउनका लागि आवश्यक पहल गरिनेछ।
- स्वच्छ खानेपानीको पहुँच विस्तार हुन नसकेका क्षेत्रहरुमा स्वच्छ खानेपानीको व्यवस्था गर्ने नीति अवलम्बन गरिनेछ।
- फोहोर उत्पादन कम गर्ने तथा पुनः प्रयोग गर्न सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
- स्थानीयस्तरमा उत्सर्जित फोहोरमैलाको सङ्कलन, वर्गीकरणका लागि टोल विकास समितिसँग समन्वय गरी अनिवार्य रुपमा कुहिने, नकुहिने र सीसाजन्य फोहोरको सङ्कलन र प्रशोधन गर्ने व्यवस्था मिलाईनेछ । फोहोरमैला वर्गीकरण गरी व्यवस्थापन गर्ने उत्कृष्ट टोललाई सम्मान तथा प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

- खानेपानीका मुहानहरु, खोल्साखोल्सी र नदिनालामा विना प्रशोधन फोहर विसर्जन कार्यलाई निरुत्साहित गरिनेछ।
- सरसफाइ केन्द्रलाई थप व्यवस्थित रुपमा सञ्चालन गरी पुनः उत्पादन हुने कार्यलाई थप प्रभावकारी बनाई उत्पादन हुने वस्तुहरुको बजारिकरणमा स्थानीयलाई सहुलियत दिइनेछ।

**कला, संस्कृति र परम्परा प्रवर्धन सम्बन्धी नीति**

- गाउँपालिकाक्षेत्रभित्र प्रचलनमा रहेका आदिवासी, जनजाती ( थारु, मगर, गुरुङ, कुमाल) लगायत अन्य जातीहरुका भाषा,धर्म, कला, संस्कृति, सम्पदा र परम्परालाई संरक्षण र प्रवर्धन गर्ने नीति अवलम्बन गरिनेछ।
- थारु,मगर तथा गुरुङ समुदायसँग सम्बन्धित कला, संस्कृति, भेषभुषा,परिकार आदिको संरक्षण, सम्बर्धन र विकासका लागि होमस्टे, थारु सांस्कृतिक ग्राम विकास, सञ्चालन तथा पर्वद्धनलाई निरन्तरता दिइनेछ।
- गाउँपालिका क्षेत्रभित्र रहेका मन्दिर, मस्जिद, गुम्वा, चर्च, मरुवाथान, सवदाह स्थल/समाधी स्थल लगायतका धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण र संवर्धनका कार्यक्रम सञ्चालन गरिनेछ।
- भुल्केलाई मगर सास्कृतिक ग्राम घोषणा गरी आन्तरिक पर्यटन प्रबर्द्धन गरिनेछ।
- थारु,मगर, गुरुङ्, दलित समुदाय लक्षित गरी परम्परागत पेशा र सीपलाई संरक्षण र प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ।
- मौलिक तथा परम्परागत संस्कार, संस्कृति,खानपानको प्रवर्धन गर्न संग्राहलय स्थापना तथा सञ्चालन गरी व्यवस्थित गरिनेछ।
- सामुदायिक सदभाव कायम गर्न गाउँपालिकास्तरमा सबै जाताजातिका वैदिक सनातनी विद्धानहरुको पढाइ मेला आयोजना गरिनेछ।

**न्यायिक समिति सञ्चालन सम्बन्धी नीति**

- स्थानीय विवादहरु समाधान / निरुपण एवम् न्याय सम्पादन प्रक्रिया छिटो छरितो र सहज बनाउनको लागी न्यायिक पदाधिकारीहरुको क्षमता अभिवृद्दि गरी हरेक वडामा स्थापना भएका मेलमिलाप केन्द्रहरुलाई व्यवस्थित बनाई मेलमिलापकर्तालाई प्रभावकारी रुपमा परिचालन गर्ने नीति लिइनेछ।
- विभिन्न प्रकारका हिंसा पिडितहरुलाई तत्कालीन अवस्थामा प्रदान गर्नुपर्ने सुरक्षा व्यवस्थालाई ध्यानमा राखी सञ्चालन गरिएको सेवा केन्द्र (Safe House ) लाई निरन्तरता दिइनेछ।
- राप्तीवासीहरुको न्यायमा पहुँचको दायरा फराकिलो बनाउन समय समयमा विभिन्न जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम गरिनेछ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको न्यायिक अधिकारको प्रयोगलाई प्रभावकारी बनाइनेछ।

**सामाजिक सुरक्षा तथा पञ्जीकरण सम्बन्धी नीति**

- व्यक्तिगत घटना दर्तालाई शतप्रतिशत पुर्‍याउने लक्ष्यअनुसार, राप्ती गाउँपालिकाभित्र रहेका सबै वडाका शिक्षित वर्गलाई लक्षित गरी, जन्मेको ३५ दिनभित्र अनलाइनमार्फत घरमै बसी व्यक्तिगत घटना दर्ता गर्ने, टोकन प्राप्त गर्ने र सो टोकन वडामा पेश गर्ने सम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य नागरिकहरूका लागि, प्रत्येक वडामा सामाजिक सुरक्षा भत्ता प्रणालीलाई व्यवस्थित गर्न लाभग्राहीहरूलाई लक्षित प्रशिक्षण कार्यक्रम सञ्चालन लगरिनेछ , साथै लाभग्राहीको गुनासो दर्ता र समाधान (फछ्र्यौट) गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई थप प्रभावकारी बनाउने उद्देश्यले, वडा र बैंकसँग सहकार्य गरी दुर्गम क्षेत्रमारहेका लाभग्राहीलाई टोल–वस्तीमै पुगेर भत्ता वितरण गर्ने कार्य गरिनेछ।
- सामाजिक सुरक्षा भत्ता नयाँ दर्ता वा नविकरण गर्दा, अनिवार्य रूपमा राष्ट्रिय परिचयपत्र समावेश गर्नु पर्नेछ ।
- घटना दर्तामा वायोमेट्रिक प्रणाली अवलम्बन गरिनेछ ।
- स्थानीय तहमा अति विपन्न परिवार, अनाथ बालबालिका, सुविधाबाट वञ्चित तथा असक्त बेसाहारा व्यक्तिहरुको लागि सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामुदायिक विद्यालयका शिक्षकहरु, स्वास्थ्यकर्मी तथा गाउँपालिका अन्तरगत कार्यरत कर्मचारी तथा अनौपचारिक क्षेत्रका मजदुरका लागि सामाजिक सुरक्षा कोषमा आवद्ध गरिनेछ ।
- अध्यक्षसँग मजदुर सुरक्षा कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।

**आर्थिक विकास सम्बन्धी नीति**

**कृषि विकास नीति**

- राप्ती बहुउदेश्यीय कृषि बजारीकरण प्रवर्धन कार्यक्रम सञ्चालनमा ल्याइनेछ र यसलाई पालिकाको गौरवको आयोजनाको रुपमा निरन्तरता दिईनेछ ।
- एक घर एक करेसाबारी, पकेट क्षेत्रमा व्यावसायिक तरकारी" कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै कृषि सहकारी वा निजी क्षेत्रको सहकार्यमा बजारीकरणका लागि संयन्त्र विकास गरिनेछ ।
- "बाँझो जमिनको प्रयोग, उत्पादनमा सहयोग" भन्ने सोचका साथ बाँझो जमिनमा खेतिका लागि प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ । बाँझो जग्गालाई व्यवस्थित गर्न भूमी बैंकको स्थापना गरिनेछ ।
- विद्यालय दिवा खाजा कार्यक्रम,अस्पतालका क्यान्टिन, सुत्केरी पोषण कार्यक्रमलाई स्थानीय रैथाने वाली सँग जोडी बजारीकरणको व्यवस्थालाई जोड दिईनेछ ।
- उत्पादन साथमा अनुदान हातमा भन्ने कार्यका लागि उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।
- पालिकाभित्र सक्रिय रुपमा कृषि पेशामा संलग्न कृषकको सूचीकरण गरी व्यवसायिक कृषि प्रवर्धन गर्न जोड दिईनेछ ।
- स्थानीय कृषकहरुले उत्पादन गरेका हरेक वस्तुहरुको संकलन भण्डारण तथा बजारीकरणका लागि सुविधा सम्पन्न कोल्ड स्टोर, दुग्ध संकलन केन्द्र सञ्चालन गरिनेछ ।
- खाद्य सुरक्षा सुनिश्चितताका लागि मकै तथा धानबाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

- कृषि तथा तरकारी पकेट घोषणा भएका क्षेत्रलाई थप प्रभावकारी कार्यक्रमहरु बनाई कार्यान्वयन गरिनेछ, आगामी वर्ष थप एक धानबाली र आलुबाली पकेट क्षेत्र सञ्चालन गरिनेछ ।
- पुष्पखेती गर्ने किसानलाई प्रोत्साहन स्वरुप बीउ / बिरुवा खरिदमा अनुदान दिईनेछ ।
- उपयुक्त बाली छनौटको लागि संघीय सरकार, प्रदेश सरकार र अन्य निकायहरुको समन्वयमा माटो परीक्षण कार्यलाई निरन्तरता दिइनेछ ।
- राप्तीको शान उत्पादन वृद्धि गर्ने किसानलाई हाम्रो सम्मान भन्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- कृषि उपज संकलन केन्द्र तथा कृषि एम्बुलेन्स सञ्चालनलाई थप प्रभावकारी बनाइनेछ ।
- कृषि क्षेत्रलाई आधुनिकिकरण, व्यवसायिकरणमार्फत रोजगारी र आय वृद्धि गरी कृषिमा आत्मनिर्भर गाउँपालिकाका रुपमा विकास गर्न साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकाभित्रका कृषियोग्य भूमीको पहिचान, वर्गिकरण र संरक्षण गर्दै खेती प्रणालीमा चक्लाबन्दी तथा कृषि सडक विस्तारको नीति अवलम्बन गरिनेछ ।
- घरदैलोमा प्राविधिक सेवा उत्पादनमा टेवा अर्गानीक खेती प्रणालीको विकासका लागि जैविक तथा प्राङ्गारिक मल उद्योगलाई प्रवर्द्धन गरिनेछ । रासायनिक विषादीको उपयोगलाई निरुत्साहित गरी जैविक विषादीको प्रवर्द्धन गरिनेछ ।
- ग्रामीण सहरी अन्तर सम्बन्धको अभिवृद्धि गरी स्थानीय आर्थिक विकासको सूचकाङ्कमा सुधार गरिनेछ ।
- स्वरोजगार हुन चाहने मुक्त कमैया,कमलरी, भूमिहिन, सुकुम्वासी लगायतका विपन्न परिवारलाई लक्षित गरी करार तथा बगर खेती कार्यक्रम तथा पशुपालन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- सूचीकरण भएका किसानहरुको परिचयपत्र वितरण गरिनेछ । खाद्य संप्रभुताका लागि कृषिमा रैथाने बिउ संरक्षण र प्रर्वधनको कार्यक्रम गरिनेछ ।
- कृषिमा आत्मनिर्भर बनाउनका लागि कृषि उत्पादन सम्भाव्यता अध्ययन गरी जग्गाको वर्गीकरण गर्ने नीति अवलम्बन गरिनेछ ।
- खेतबारीमा प्राविधिक सेवा उत्पादनमा टेवा कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

### पशुपन्छी तथा मत्स्य विकास नीति

- स्वस्थकर पशुजन्य उत्पादन ( दुध, अन्डा,माछा, मासु), पशुपन्छी स्वास्थ्य प्रबर्धनका लागि पशुपन्छी उपचारकेन्द्र मार्फत  निशुल्क पशु उपचार तथा भ्याक्सीनेशन कार्यक्रमलाई निरन्तरता दिइनेछ । दुध, अण्डा र मासुलाई बजारिकरणमा प्राथमिकता भई निर्यात गर्न प्रोत्साहन गरिनेछ। सरकारी तथा गैरसरकारी क्षेत्रको सहकार्यमा निःशुल्क पशुस्वास्थ्य शिविर मार्फत सेवा गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- दाङ देउखुरीको बधिया भाले भनेर पहिचान कायम भएको कुखुराको  बधिया भाले उत्पादनलाई प्रर्वधन र बजारीकरण गर्दै नयाँ पुस्तालाई प्रविधि हस्तान्तरण गरिनेछ ।
- कृषि र पशुपालन व्यवसायमा देखा पर्ने समस्या समाधानका लागि मागमा आधारित  कृषि प्राविधिक र भेटेनरी डाक्टर सहितको घरदैलो सेवा सञ्चालनलाई थप व्यवस्थित गरिनेछ ।

- पशुपालन गर्ने  कृषकहरुलाई प्रेरित गर्न विभिन्न उन्नत घाँसका बीउ,बहुबर्षिय तथा डाले घाँसका सेट्स तथा बेर्ना बितरण तथा प्रोत्साहनका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- पशु नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रमलाई कृषक तथा गाउँपालिकाको साझेदारीमा थप व्यवस्थित गरी सञ्चालन गरिनेछ ।
- मस्त्यपालन व्यवसायलाई प्रविधिक सहयता प्रदान गरिनेछ ।
- पशुवृद्धाश्रमलाई रैथाने गाई संरक्षण लगायत  बहुउपयोगी आयोजनाको रुपमा सञ्चालन गरिनेछ ।
- घाँसमा आधारित पशुपालन व्यवसायलाई प्रोत्साहन गर्न पशुपालक कृषकहरुका लागि "वर्षै भरी हरियो घास" कार्यक्रम सञ्चालन गरिनेछ ।

**श्रम, रोजगार, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी र वित्तीय क्षेत्र सम्बन्धी नीति**

- "राप्तीका युवा र महिला, उद्यमशीलतामा पहिला" भन्ने मूल नाराका साथ बेरोजगार युवाहरुका लागि सीपयुक्त र स्वरोजगारमूलक कार्यक्रमलाई निरन्तरता प्रदान  गरिनेछ ।
- युवाहरुको वैदेशिक रोजगारीमा जाने दरलाई न्यूनिकरण गर्न आन्तरिक रोजगार प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ ।
- वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित तथा व्यवस्थित गराउन पहल गरिने छ । त्यसका लागि सुरक्षित आप्रवासन कार्यक्रमलाई संघ, प्रदेश र स्थानिय तहको साझेदारीमा व्यवस्थित ढंगले सञ्चालन गरिनेछ ।
- गाउँपालिकाका बासिन्दालाई वैदेशिक रोजगार लक्षित सीप, जीवन विमा, सामाजिक सुरक्षासहित गाउँपालिकाबाट श्रम स्वीकृति गराई वैदेशिक रोजगारीमा जाने व्यवस्था मिलाइनेछ ।
- वैदेशिक रोजगारबाट फर्किएकाहरुको सीप, पुँजी र प्रविधिको उच्चतम प्रयोग गरी पालिकाको आर्थिक वृद्धिमा टेवा पुऱ्याइनेछ । यसका लागि आवश्यक कार्यक्रम तथा नीति व्यवस्था गरी पुनः एकीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकाभित्र बसोबास गर्ने नागरिकको लागि वित्तीय पहुँच वृद्धिका लागी गाउँ गाउँमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।
- बढ्दो आत्महत्या, मानसिक रोग तथा परिवारिक विखण्डन रोक्न विद्यालय तथा समुदायमा मनोसामाजिक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। साथै मनोसामाजिक परामर्श सेवालाई व्यवस्थित गर्न तर्जुमा भएको मनोसामाजिक तथा मानसिक स्वास्थ्य नीतिलाई प्रभावकारी रुपमा लागू गरिनेछ ।
- रोजगार तथा आत्मनिर्भर हुने गरी कृषि, पशुपालन, उद्योग व्यवसायको व्यावसायीकरणमा निरन्तरता दिंदै वैदेशिक रोजगारीबाट फर्किएर व्यवसाय गर्न चाहने यूवा उद्यमी व्यवसायीहरुलाई सहुलियत व्याजदरमा ऋण व्यवस्था गरी स्वरोजगार बन्न प्रोत्साहन गरिनेछ ।

- "व्यवसायीसँग गाउँपालिका" अभियान सञ्चालन गरी पालिका क्षेत्रमा सञ्चालनमा रहेका तर कानुनी रुपमा दर्ता नभएका साना उद्योग एवम् व्यवसायिक फर्महरुलाई विधिवत रुपमा दर्ता गर्न प्रोत्साहित गरी कानुनी दायरामा ल्याइनेछ।
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम कार्यविधि २०७७ अनुसार लघु उद्यम विकास कार्यक्रम समुदायको इच्छा चाहना र माग स्रोत सर्वेक्षणको आधारमा सञ्चालन गरी नयाँ उद्यमी सिर्जना र पुराना उद्यमीको स्तरोन्नती तालिम मार्फत गरिबी निवारण गर्न पहल गरिनेछ।
- राष्ट्रिय रोजगार कार्यक्रमलाई थप प्रभावकारी बनाउदै सञ्चालन गरिनेछ।
- लगानी मैत्री राप्ती सिर्जना गर्ने अवधारणा स्वरूप invest in Rapti को अभियान सञ्चालन गरिनेछ।
- सिटिइभिटीसँगको सहकार्यमा आवश्यकताको आधारमा पालिकाभित्रका वेरोजगार यूवाहरुलाई विभिन्न तालिम दिई दक्ष जनशक्ति बाहिरबाट झिकाउनु पर्ने अवस्थाको अन्त्यका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- साझेदारीमा स्थापना भएको युवा व्यावसाय सेवा केन्द्र (Youth Business incubation service center) लाई युवाहरुको व्यावसाय, उद्यमशीलता, सहजीकरणका लागि आर्थिक तथा प्राविधिक टेवा दिने भरपर्दो र विज्ञ केन्द्रका रुपमा विकास गरिनेछ । सोका लागि विजनेश स्टार्ट अफ फण्डको व्यवस्था गरिनेछ।
- साना तथा मझौला उद्योग सञ्चालकहरुसँग सम्वाद गरी उत्पादन वृद्धि र रोजगारी सिर्जनाका लागि आवश्यक साझेदारी गरिनेछ।
- पालिकाबाट श्रम स्वीकृति तथा पुनःश्रम स्वीकृति सम्बन्धी भएको कार्यलाई प्रभावकारी र छरितो बनाईनेछ। राप्ती गाउँपालिकाभित्र रहेका मजदुरलाई सामाजिक सुरक्षा कोषमा आवद्धताका लागि पहल गरिने कार्यलाई निरन्तरता दिइनेछ। सीप तथा श्रम बैंक स्थापना गरिनेछ।
- 'पार्क' तथा खुल्ला क्षेत्र निर्माणको अवधारणालाई निरन्तरता दिइनेछ । प्राकृतिक भ्यू प्वाइन्ट तथा पदमार्ग, साइकिलिङ रुटहरुको पहिचान गर्दै राप्ती भ्यूमार्गसँग अन्तर आवद्धता गराउँदै राप्ती उपत्यका देउखुरीको रमणीय दृष्यावलोकनको गन्तव्यको रुपमा विकास गर्ने कार्यलाई निरन्तरता दिइनेछ। साहसी पर्यटनका लागि न्याफटिङ तथा प्यारागलाइडिङ अतिरिक्त अन्य पर्यटकिय पूर्वाधारको विकासमा नीजि क्षेत्रको लगानी आकर्षण गर्ने नीतिलाई निरन्तरता दिइनेछ। राप्तीको कोशेली प्रर्दशनी कक्ष तथा व्यवस्थित 'कोशेली घर' कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- गाउँपालिकास्तरिय सहकारीहरुको नियमित तथा सघन अनुगमन मार्फत आम निक्षेपकर्ताहरुको संकलन भएको पुँजी, कर्जा लगानीको सुरक्षाका लागि पहल गरिनेछ। सहकारीको व्यवस्थित रुपमा सञ्चालनका लागि कोपोमिस प्रणालीको अवलम्बनलाई अनिवार्य गराइनेछ।
- पालिकाभित्र रहेका ऐतिहासिक गढी,लेक, धार्मिक, पर्यटकिय क्षेत्र संरक्षण, संवर्धन र विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ।

- Make in Rapti कार्यक्रमलाई निरन्तरता दिइनेछ । वनमा आधारित उद्योग स्थापनाका लागि सामुदायिक वन र स्थानीय सरोकारवालाहरुको साझेदारी कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ । स्थानीय रुपमा उपलब्ध हुने सुगन्धित तथा औषधीजन्य जडिबुटीको पहिचान, प्रशोधन तथा बजारिकरणको नीति अवलम्बन गरिनेछ ।
- स्थानीय तथा रैथाने उत्पादनका रुपमा रहेका दुना, टपरी, बाँसका सामग्री र कपडाका झोलाहरु उत्पादन तथा प्रयोगका लागि विशेष अभियान सञ्चालन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- बैंक,वित्तीय तथा नाफामूलक संस्थाहरुद्धारा प्रदान गरिने सामाजिक उत्तरदायित्वको कार्यलाई पालिकाको समन्वयमा कार्यान्वयन गरिनेछ ।
- स्थानीय उत्पादनको प्रवर्धनका लागि डिजिटल प्रविधिको प्रयोगमार्फत बजारिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिलाहरुद्धारा सञ्चालन गरिएका कुटिर उद्योग तथा समूहहरुलाई "महिला उद्यमीसँग उपाध्यक्ष प्रोत्साहन तथा आयआर्जन कार्यक्रम " सञ्चालन गरिनेछ ।
- स्थानीय कच्चा पदार्थ (सालको पात, बाँस, बाटेको धुप आदि) को प्रयोगद्वारा निर्माण हुने दुना टपरी, हस्तकला लगायतका सामग्रीहरुको उत्पादनमा वृद्धि गरी घरेलु तथा साना उद्योगको रुपमा विकास गरिनेछ ।
- उत्पादित वस्तुहरुको बजारीकरणको लागि अन्य पालिकाहरुसँगसमेत आवश्यक समन्वय र सहकार्य गर्ने नीति लिइनेछ ।
- आदिवासी जनजातिको पहिचान सहित स्थानीय समुदायको परम्पारागत ज्ञान, सीप, भाषा, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र सम्बर्धन गर्ने नीति लिइनेछ ।

**पूर्वाधार विकास सम्बन्धी नीति**

- सडक पूर्वाधार निर्माण गर्दा गाउँपालिकाको सडक यातायात गुरुयोजना अनुरुप लुम्बिनी प्रदेश सरकार तथा संघीय सरकारको सहकार्यमा निर्माण कार्य सञ्चालन गरिनेछ ।
- राजधानी सहरका रुपमा विकास हुँदै गरेको राप्ती गाउँपालिका क्षेत्रभित्र निर्माण गरिने भवन लगायतका अन्य संरचनाहरुको दिगो, भुकम्प प्रतिरोधी, अपाङ्गतामैत्री, वातावरण मैत्री, बालमैत्री भवन संरचना निर्माणका लागि गाउँपालिकाबाट स्वीकृत भएको भवन निर्माण तथा योजना मापदण्ड आधारमा कार्यान्वयन गरिनेछ ।
- पूर्वाधार निर्माणमा अधुरो आयोजनालाई विशेष प्राथमीकतामा राखी आगामी आ.व. मा निर्माण सम्पन्न गर्ने नीति अवलम्बन गरिनेछ ।
- दुर्गम क्षेत्रका सडकहरुलाई बाह्रै महिना एम्बुलेन्स लगायतका अत्यावश्यक सवारी साधन सञ्चालन हुने गरी व्यवस्था गरिनेछ ।
- राप्ती चक्रपथ आयोजनाको दक्षिणी खण्डको अधुरो निर्माण कार्य सम्पन्न भए लगतै उत्तर खण्ड संघ तथा प्रदेश सरकारको सहकार्यमा कार्यान्वयन गरिनेछ ।

- राप्ती गाउँपालिका क्षेत्रका विभिन्न वस्तीहरुमा घनावस्ती विकास कार्यक्रमको लागि लुम्बिनी प्रदेश सरकार तथा संघ सरकारसँगको सहकार्यमा सञ्चालनका लागि आवश्यक पहल गरिनेछ।
- राप्ती गाउँपालिकामा रहेका खेतीयोग्य जमिनमा सिचाँई सेवा पुर्‍याउन पुराना बोरिङहरुको मर्मत सुधार, प्रगन्ना सिचाई आयोजनाको नहरबाट खेतीयोग्य जमिनसम्मका सिचाँई नहर निर्माण गर्न पहल गरिनेछ।
- गाउँपालिकाको वडा नं. ४ मा निर्माण हुन लागेको विद्युत सब स्टेशन निर्माण कार्यलाई यथाशिघ्र सम्पन्न गर्न पहल गरिनेछ।
- हालसम्म पनि विद्युतको पहुँच नपुगेका वस्ती तथा टोलमा वैकल्पिक प्रणाली मार्फत "उज्यालो राप्ती कार्यक्रम" लाई निरन्तरता दिइनेछ।
- उपयुक्त स्थानमा सार्वजनिक नीजि साझेदारीमा अटोभिलेज निर्माण तथा सञ्चालन कार्यको लागी आवश्यक नीति अवलम्बन गरिनेछ। निर्मित संरचनाहरुको दिगोपना र आकस्मिक कार्य सञ्चालनका लागि पालिकास्तरिय मर्मत सम्भार कोषलाई निरन्तरता दिनइनेछ।
- "दिगो विकासको आधार, साझेदारीमा पूर्वाधार" भन्ने नारालाई आत्मसात गर्दै न्यूनतम ३०% सहलगानी सहितका योजनाहरु सञ्चालन गरिनेछ।
- उपभोक्ता समिति/ श्रम सहकारी मार्फत सञ्चालन गरिने योजनाहरुमा गरिदै आएको १५% जनश्रमदानको प्रावधानलाई यथावत नै रहने गरी योजना संन्चालन गरिने नीति लागु गरिनेछ। गाउँपालिकाद्धारा सञ्चालन गरिने पूर्वाधार आयोजनामा कम्तिमा २० प्रतिशत श्रममूलक कार्यहरु समावेश गरी संरचना निर्माण कार्य गरिनेछ।
- भालुवाङ बसपार्क सञ्चालन कार्यका लागि जग्गा प्राप्तीको प्रक्रिया अगाडि बढाउन पहल गरिनेछ।
- भू-क्षय र बाढी पहिरोलाई न्यूनीकरण गर्न सडक निर्माण, मर्मत र स्तरोन्नती गर्दा कम्तिमा ५% बायो इन्जिनियरिङको कार्यलाई लागत अनुमानमा नै समावेश गर्ने नीति अबलम्बन गरिनेछ।
- ईन्जिनियरीङ प्रयोगशाला सञ्चालन गरी गाउँपालिकाबाट सञ्चालन हुने सम्पूर्ण निर्माण कार्यको गुणस्तर परिक्षणको व्यवस्था मिलाईनेछ।
- सुरक्षित नागरिक आवास कार्यक्रम अन्तरगत खरको छाना न्यूनिकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- अटो पार्किङलाई थप व्यवस्थित गरी साना सवारी दर्ता, नविकरण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ लाई कार्यान्वयनमा ल्याइनेछ।
- विभिन्न गैरसरकारी संघसंस्थाको साझेदारीमा पूर्वाधार निर्माणको कार्यलाई अगाडि बढाइनेछ। ठूला तथा बृहत उच्च प्रतिफल प्राप्त गर्ने आयोजनामा सार्वजनिक निजी साझेदारीको अवधारणा अवलम्बन गरिनेछ।
- जनश्रमदानमा आधारित विकास निर्माणमा सहयोग गर्ने नीतिलाई निरन्तरता दिईनेछ।
- स्थानीय स्रोत साधनको उच्चतम प्रयोग गरी पालिकाभित्रका सम्पूर्ण सडकहरु संघ र प्रदेश सरकारको समन्वयमा क्रमशः कालोपत्रे, पक्की र सबै मौसममा सञ्चालन गर्न सकिने गरी स्तरोन्नति गरिनेछ।
- Nature, Culture, Agriculture, Infrastructure को अन्तर सम्बन्धलाई ख्याल गरी उत्थानशिल पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरिनेछ।

**सुशासन संस्थागत व्यवस्थापन,सूचना प्रविधि तथा वित्तीय क्षेत्र सम्बन्धी नीति विकास**

- गाउँपालिका कार्यालय, वडा कार्यालय र विषयगत शाखाहरुको कर्मचारीहरुमा chain of command, सेवाग्राही प्रति उत्तरदायी हुने गरी कर्मचारी आचारसंहिता निर्माण गरी सदाचार पद्धति र आत्माअनुशासन लागु गरिनेछ। जनप्रतिनिधिको क्षमता विकासलाई विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउँपालिकाभित्र कार्यरत कर्मचारीहरुको व्यवस्थित सरुवा प्रणालीको नीतिगत प्रबन्ध मिलाइनेछ । कर्मचारीको सरुवालाई दण्डको रुपमा नबुझी वडा तथा शाखागत दुवै कार्यको अनुभव लिने, जनमुखी सेवा प्रवाह गर्ने अवसरको रुपमा ग्रहण गर्न नीतिगत प्रबन्ध विकास र कर्मचारी उत्प्रेरणा अभिवृद्दिका कार्यक्रम ल्याइनेछ।
- विधिको शासन, उच्च अनुशासन र कुशल व्यवस्थापन मार्फत समग्र सुशासन कायम गर्ने नीति अवलम्बन गरिनेछ।
- गाउँपालिकाबाट वर्षभरी उत्कृष्ट कार्य गर्ने कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मी, उपभोक्ता समिति, निर्माण व्यवसायी, करदाता, सञ्चारकर्मी, कृषक, टोल विकास संस्था र नमुना उद्यमी लगायतलाई विशेष अवसर पारेर सम्मान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- गाउँपालिकाको आवश्यकता, कार्यविवरण,कार्यबोझ, संघ तथा प्रदेश सरकारको मापदण्डको आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी पदपूर्ति गरिनेछ।
- राप्ती गाउँपालिकालाई नगरपालिका घोषणा गर्ने प्रक्रिया अगाडी बढाइनेछ।
- विषय क्षेत्रगत योजना तथा कानूनहरु तर्जुमा गरिनेछ। दलित समुदायसँग सम्बन्धित कानून निर्माण गरिनेछ।
- गाउँपालिकाबाट सञ्चालित योजनाहरुलाई प्रभावकारी रुपमा नतिजा सूचक र समयवद्ध रुपमा अनुगमन र मूल्याङ्कनको व्यवस्था गरिनेछ।
- वार्षिक खरिद योजना, गुरु योजना, आयोजना तथा कार्यक्रम कार्यान्वयन मार्गदर्शन तथा कार्यक्रम कार्यान्वयन कार्यतालिका सोको नतिजामूलक अनुगमनको कानूनी व्यवस्था लगायतका कार्य भदौ मसान्तभित्र सम्पन्न गरी बहुवर्षिय बाहेकका आयोजनाहरु वैशाख मसान्तभित्र सम्पन्न गरिने कार्यलाई निरन्तरता दिइनेछ।
- "मुस्कान सहितको सेवाःजनतालाई टेवा " भन्ने मर्मलाई आत्मसात गर्दै सबै प्रकारका समुदाय, तह, क्षेत्र र क्षमता भएका व्यक्तिलाई समानुपातिक समभावको दृष्टिले सेवा प्रवाह गरिनेछ । गाउँपालिकाको सेवा प्रवाहमा सूचना प्रविधिलाई बढावा दिदै टोकन प्रणालीको व्यवस्था निरन्तरता दिइनेछ।
- सम्पूर्ण सूचना तथा तथ्याङ्कहरुलाई डिजिटल प्रणालीमा आवद्ध गरी डिजिटल गाउँपालिका निर्माणको कार्य अगाडी बढाइनेछ।
- जनतासँग स्थानीय सरकारको अवधारणा कार्यान्वयन गर्न जनतासँग जनप्रतिनीधि कार्यक्रम, हटलाइन सेवा, हेल्प डेक्स र हेलो राप्ती सरकारलाई व्यवस्थित रुपमा सञ्चालन गरिनेछ।
- कार्य सम्पादनलाई जनमैत्री र थप प्रभावकारी बनाउन कार्य सम्पादन करार गरी प्राप्त भएका उपलब्धीहरुलाई दण्ड र पुरस्कारसँग आवद्ध गरिनेछ।
- विद्युतीय नागरिक वडापत्रसहित नागरिकलाई सूचना दिन मोवाईल एप्सको विकास र प्रयोग गरिनेछ।

- सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण तथा नागरिक सन्तुष्टी सर्भेक्षणबाट प्राप्त सुझावलाई सेवा प्रवाह सुधारको मार्गदशर्नको रुपमा अबलम्बन गरिनेछ।
- सेवाप्रवाहमा एकद्धार प्रणाली अनुसरण गरी नतिजामूलक कार्यप्रणालीलाई जोड दिने नीति अवलम्बन गरिनेछ।
- बेरुजु न्यूनिकरण तथा वित्तीय सुशासनका लागि सार्वजनिक लेखा समिति, आन्तरिक नियन्त्रण प्रणाली जस्ता संयन्त्रहरुको क्रियाशिलता बढाइनेछ। भ्रष्टाचारजन्य क्रियाकलापमा शून्य सहनशीलता नीति अवलम्बन गरिनेछ।
- सामाजिक सुरक्षालाई विद्युतीय भुक्तानी प्रणालीमार्फत अझ व्यवस्थित बनाईनेछ।
- २०८७ सालसम्म नेपाललाई पोषणमैत्री मुलुक घोषणा गर्ने लक्ष्य पुरा गर्न राप्ती गाउँपालिकाले पोषणमैत्री शासनको अवधारणालाई अवलम्बन गरिनेछ।
- " जहाँ जनता त्यहीँ सेवा" भन्ने मान्यतालाई आत्मसात गरी सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउँदै जनताको घरदैलोमा सेवा पुऱ्याउने उद्देश्यकासाथ गाउँपालिकाले प्रदान गर्ने सबै प्रकारका सेवाहरु समेटी एकिकृत घुम्ती शिविर सञ्चालन गरिनेछ।
- गाउँपालिकाको पहिचान र सम्मान स्थापित गर्दै असल अभ्यास, अनुभव र स्रोतहरुको साझेदारीलाई प्रवर्धन गर्न राष्ट्रिय, अन्तरराष्ट्रिय तथा पालिकासँग भगेनी सम्बन्ध कायम गरी सहकार्य गरिनेछ।
- LISA र GESI Audit जस्ता संघीय तथा प्रदेश सरकारले निर्धारण गरेका सूचक तथा मापदण्ड एवम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको कार्य सम्पादन सूचकको लक्ष्य प्राप्तिका लागि अन्तर सम्बन्धित विषयगत नीतिहरुसँग अन्तर आवद्धता गरी अभिलेख व्यवस्थित गरिनेछ ।
- गाउँपालिकाबाट प्रदान गरिने सेवा र विकास व्यवस्थापनलाई प्रभावकारी, जनउत्तरदायी तथा सहज पहुँचयोग्य बनाइनेछ। गाउँपालिका क्षेत्रभित्र टेली कम्युनिकेशन सेवाको गुणस्तर वृद्धिका लागि पहल गरिनेछ।
- राप्ती गाउँपालिकाको सञ्चार नीति तर्जुमा गरी पत्रकारिता क्षेत्रलाई व्यवस्थित रुपमा सञ्चालन हुने वातावरण बनाइनेछ।
- गाउँपालिका वा अन्तरगतका कार्यलयबाट सेवा प्रवाह गर्दा सेवाग्राहीबाट प्राप्त कागजात अटोमेसन प्रणालीमामार्फत व्यवस्थित गर्ने नीति अवलम्बन गरिनेछ।
- वडघर ऐनलाई आगामी आ.व. बाट कार्यान्वयनमा ल्याइनेछ।

**भूमि व्यवस्थापन**

- राप्ती गाउँपालिकाभित्र रहेका सरकारी, प्रति ऐलानी, बाँझो जग्गाको अतिक्रमण रोक्न लगत संकल्न गरी संरक्षण तथा अभिलेखीकरण गरी उपयोगमा ल्याइने नीति अवलम्बन गरिनेछ।
- भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधानका लागि राष्ट्रिय भूमी आयोगको समन्वयमा आवश्यक काम कार्वाही सम्पन्न गरिनेछ।

- सडक क्षेत्रले ओगटेको जमिन प्रचलित कानुन अनुसार सम्बन्धित जग्गाधनीको समन्वयमा लगत कट्टा गरिनेछ।
- छुट कमैया पहिचानका लागि परिचयपत्र उपलब्ध गराइनेछ। छुट कमैयालाई पुनःस्थापनाका लागि पहल गरिनेछ।

**वन, वातावरण, विपद व्यवस्थापन र हरियाली प्रवर्धन सम्बन्धी नीति**

- विपद जोखीमलाई न्यूनिकरण गर्नका लागि पालिकाभित्रका सम्भावित जोखिमको नक्साङ्कन गरी प्रभावकारी योजना निर्माण गरी प्राथमिकताको आधारमा संघ तथा प्रदेश सरकारसँग योजना कार्यक्रम माग गरी कार्यान्वयन गरिनेछ।
- मनसुनजन्य विपदवाट घरवारविहीन भएका पीडित परिवारको लागि पुनर्वासको योजना बनाइनेछ।
- सामुदायिक र कबुलीयती वनको व्यवस्थापन कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ। जैविक विविधता र वन सम्पदाको अभिलेख तयार गरी संरक्षण योजना लागू गरिनेछ।
- सडक निर्माण तथा प्राकृतिक उत्खनन कार्य गर्दा वातावरण प्रभाव मूल्याङ्कन गरी वातावरण जोगाउन उचीत उपाय अवलम्बन गरिनेछ।
- सिमसार क्षेत्रको उचित संरक्षण नीतिलाई निरन्तरता दिइनेछ।
- मनसुनजन्य बाढी पहिरोबाट क्षती भई कटान भएका खेतीयोग्य जमिन संरक्षणको लागि तटबन्धनको व्यवस्था मिलाइनेछ।
- वन कार्यालय, गैर सरकारी संघ-संस्थाका कार्यालय तथा अन्य निकायहरुसँगको साझेदारीमा नर्सरी स्थापना गरी वृक्षारोपण कार्यलाई विस्तार गरिनेछ।
- विपदबाट उत्पन्न हुनसक्ने असहज परिस्थितिको आंकलन गरी जोखिम न्यूनीकरणको लागि पालिकामा गठन भएको Rapid response team लाई अझ प्रभावकारी ढंगले परिचालन गरिनेछ।
- Green Rapti Clean Rapti भन्ने नाराकासाथ हरियाली प्रवर्धन तथा वृहत वृक्षारोपण अभियान समुदायस्तरसम्म सञ्चालन गर्ने कार्यलाई निरन्तरता प्रदान गरिनेछ। सामुदायिक वनमा रिचार्ज पोखरी, रिचार्ज ड्यामहरु निमार्णको कार्यलाई सामुदायिक वनसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।
- खाली क्षेत्रहरुमा बाँस,मुज, डालेघाँस, फलफूल, जडिबुटी खेतीलाई प्रवर्धन गर्दै वनलाई समृद्धिको स्रोतको रुपमा उपयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ।
- स्थानीय नागरिकलाई परिवर्तित जलवायू अनुकूलन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।
- राप्ती नदी लगायतका राप्ती गाउँपालिकाभित्रका नदी, ताल , पोखरी क्षेत्रका माछा तथा जलचरहरुको संरक्षण तथा नियमनको नीतिलाई निरन्तरता दिइनेछ।
- नदी कटानको जोखिम न्यूनिकरण गरी बस्ती तथा खेतियोग्य जमीनको सुरक्षाको लागि कटानयुक्त क्षेत्रमा प्रदेश तथा संघीय सरकारसँगको समन्वयमा तटबन्ध निर्माणको कार्यलाइ प्राथमिकता दिइनेछ।
- स्थानीय विपद जोखिम न्यूनिकरण रणनीतिक कार्ययोजना, विपद पूर्वतयारी तथा प्रतिकार्य योजनाका आधारमा साझेदारहरुसँग सहकार्य गरी जोखिमलाई न्यूनिकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- आगलागीका घटनाहरु रोकथाम गर्नका लागि दमकलको सुविधालाई निरन्तरता दिइनेछ।

- सडक दुर्घटना न्यूनीकरणको लागि प्रदेश सरकार र समुदाय प्रहरी साझेदारीमा सचेतनामूलक कार्यक्रम, जेब्रा क्रसिङ र ट्राफिक लाइनिङ, भित्री सडकहरुमा निर्माण सामग्री र कृषि उत्पादनका सामग्री राख्न नदिने नीतिलाई निरन्तरता दिइनेछ ।
- विपद व्यवस्थापनका लागि एक वडा एक खुला एव सुरक्षित क्षेत्र पहिचान गरिनेछ । उदार, राहत र पुनस्थापनका कार्यहरुमा एकद्धार प्रणाली अवलम्बन गरिनेछ ।
- जलवायु अनुकूलन (Adaptation) र न्यूनीकरण (Mitigation) का लागि आवश्यक पूर्वाधार, जस्तैः जलस्रोतको संरक्षण र पुनःभरण योजना,वर्षा पानी संकलन प्रणाली (Rainwater harvesting),स्थानीय ताल, पोखरी, इनार, पँधेराको संरक्षण,खोला/नदी नियन्त्रण तथा विपद् व्यवस्थापनसँग सम्बन्धित कार्य सञ्चालन गरिनेछ ।
- ग्याविन जाल, वायोग्यास, improved cook stoves वितरणसँग सम्बन्धित क्रियाकलाप सञ्चालन गरिनेछ ।
- सार्वजनिक भवनमा सौर्य प्यानल हरित यातायातको प्रवर्द्धन,साइकल मार्गको निर्माण,विद्युतीय सवारी साधनमा सहुलियत,फोहोर व्यवस्थापनमा सुधारसँग सम्बन्धित कार्य गरिनेछ ।

**गैर सरकारी तथा नीजि क्षेत्रसँग सम्बन्धित नीति**

- गैरसरकारी संस्थाले गाउँपालिकामा सञ्चालन गर्ने कार्यक्रमहरु पालिकाको आवश्यकता र औचित्यको आधारमा तोकिएको वडा र क्षेत्रमा जाने गरी मात्र अनुमति दिइनेछ ।
- गाउँपालिकाभित्र गैर सरकारी तथा नीजि क्षेत्रबाट कार्यक्रम सञ्चालन गर्दा त्यस्ता कार्यक्रम र आयोजना गाउँसभा हुनुपूर्व पेश गरी सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
- गैरसरकारी संस्थाको अनुगमन नियमनलाई प्रभावकारी बनाई संस्थागत सुशासन कायम गरिनेछ ।

**स्थानीय आर्थिक तथा राजस्व परिचालन सम्बन्धी नीति**

- नदीजन्य पदार्थको उत्खन्न संकलन तथा विक्री वितरणलाई प्रचलित कानून अनुसार हुने गरी प्रभावकारी रुपमा व्यवस्थित गरिनेछ ।
- गाउँपालिकाभित्र रहेका टेलिफोन टावर, विद्युत पोल, केबल लाइन, विज्ञापन सामग्री तथा होर्डिङ बोर्डको सम्बन्धित निकायसँग समन्वय गरी व्यवस्थापन गरिनेछ ।
- चालु खर्चलाई मितव्यायी र वाञ्छित सीमाभित्र राखी पुँजीगत खर्चलाई प्राथमिकता प्राप्त क्षेत्रमा समयमै खर्च गर्ने प्रणालीको विकास गरिनेछ ।
- हाम्रो कर हाम्रै विकासका लागि भन्ने मूल अभिप्रायका साथ करदाता शिक्षालाई टोल तहसम्म सञ्चालन गरी करको दर र दायरालाई वैज्ञानिक र प्रगतिशिल तुल्याउँदै स्वचालित कर प्रणालीको विकास गरिनेछ ।
- घरबहाल तथा बिटौरीको अभिलेखलाई व्यवस्थित गर्न टोल विकास संस्थाको क्षमता विकास गर्दै टोल विकास संस्था मार्फत घरबहाल तथा बिटौरी कर उठाइने र उक्त कार्यका लागि टोल विकास संस्थालाई प्रोत्साहित गरिनेछ ।

- राप्ती गाउँपालिकाभित्र सञ्चालमा रहेका पसल, व्यावसाय तथा उद्योगमा व्यावसायिक स्वच्छता, वस्तु तथा सेवाको गुणस्तर कायम गर्ने कार्यका लागि प्रभावकारी बजार अनुगमन गरिनेछ। कर प्रणालीको दायराभित्र नआएका करदाताहरुलाई करदाता शिक्षा तथा अभियान मार्फत दायरामा ल्याइनेछ।
- स्थानीय कर प्रशासनलाई थप सुदृढ र व्यवस्थित गर्दै राजश्व चुहावट र नियन्त्रणलाई प्रभावकारी तुल्याइनेछ। स्थानीय तहलाई संवैधानिक रुपमा प्राप्त एकल आर्थिक अधिकारको रुपमा रहेको स्थानीय राजश्वको मेरुदण्डको रुपमा सम्पती करलाई कार्यान्वयन गर्न प्रगतीशिल कर प्रणाली अवलम्बन गरिनेछ। स्थानीय तहको राजश्व संकलन तथा परिचालन प्रभावकारी रुपमा गर्न राजश्व सुधार योजनामा उल्लेख भएका विषयलाई क्रमश कार्यान्वयन गरिनेछ।
- राप्ती गाउँपालिकाभित्र स्थापना हुने र भएका उद्योगले कम्तिमा २० जना राप्ती गाउँपालिकाबासीलाई प्रत्यक्ष रोजगारी दिने ठूला उद्योग तथा व्यावसायलाई स्थापनादेखि तीन वर्षसम्म व्यावसाय करमा ५० प्रतिशत छुट दिने नीतिलाई निरन्तरता दिइनेछ।
- राप्ती गाउँपालिकामा व्यावसाय दर्ता नगरी पालिका क्षेत्रभित्र स्थानीय कृषि उत्पादन बाहेकका वस्तु तथा सेवा दिने घुमन्ते व्यापारीलाई कानूनी दायरामा ल्याइनेछ।

अन्त्यमा,

राजनीतिक, सामाजिक तथा आर्थिक उपलब्धिलाई संरक्षण गर्दै थप उन्नत बनाउन राप्ती गाउँपालिकाको हित, गौरव, सम्मान, स्वाभिमान वृद्धि गर्ने र सवैसँगको सम्बन्धलाई सुदृढ गर्ने, विभिन्न प्रतिकूल परिस्थितिबाट प्रभावित सामाजिक तथा आर्थिक क्षेत्रलाई पुनर्जीवन दिई विकास निर्माणलाई तिब्रता दिई उत्कृष्ट पालिका बनाउने अठोटका साथ आ.व ०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु।

आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति, कार्यक्रम तथा बजेटमा सभाका सदस्यज्यूहरुको सुझावको अपेक्षा गर्दछु। नीति, कार्यक्रम तयारीदेखि छलफल गरी रचनात्मक सुझाव दिनुहुने सम्पूर्ण राजनीतिक दल, विज्ञ महानुभाव, नागरिक समाज,विशिष्ट व्यक्तित्वहरु, राष्ट्रसेवक कर्मचारी, पत्रकार लगायत सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद।

ईति संवत २०८२ असार ६ गते रोज ६ शुभम्।